# जिल्ला समन्वय समिति, नवलपरासी (ब.सु.प.)

## आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम

<u>सभाका सदस्यज्यूहरु:</u> २१६२ वर्ग किलोमिटर ओगटेको नवलपरासी जिल्ला राज्य पुनरसंरचना र नेपाललको संविधान जारी भएसँगै २ वटा जिल्लामा विभाजन भई ६३४.८८ वर्ग किलोमिटर क्षेत्रफलमा सिमित भएको यस जिल्ला नवलपरासी (ब.सु.प.) को पुर्वमा नवलपुर ,उत्तरमा पाल्पा, पश्चिममा रुपन्देही र दक्षिणमा छिमेकी राष्ट्र भारत अवस्थीत छन । ३ वटा नगरपालिका र ४ वटा गाउँपालिका रहेको यो जिल्ला कृषि, पशु, उद्योग तथा व्यापार व्यवसायका लागी महत्वपुर्ण रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार ३८६८६८ जनसंख्या रहेको यस जिल्लाको साक्षरता दर ७७.९७ प्रतिशत रहेको छ। नेपालको संविधान २०७२ जारी संगसँगै स्थापीत यो निकायका नेपालको संविधानको धारा २२० स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ३२,९६ ,संघ, प्रदेश तथा स्थानीय तह समन्वय ऐन, २०७७ को दफा २६ ले जिल्ला समन्वय समितिलाई संवैधानिक तथा कानुनी काम ,कर्तव्य र अधिकार तोकिएको छ ।

<u>सभाका सदस्यज्यूहरु:</u>

अब म सोही संवैधानिक र कानुनी काम कर्तव्य र अधिकारको सिमा भित्र रहेर आगामी आर्थिक बर्ष ०८०।८१ को लागी नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गर्न चाहन्छु।

१) आ.व. ०८०।८१ बाट वित्तिय सु-शासन जोखिम मुल्यांकन (FRA) सबै स्थानीय तहहरुको रोहबरमा समिक्षा गर्ने गरी प्रकाशन गरिनेछ।

२) अनुगमन कार्यलाई नियमित, व्यवस्थीत र प्रभावकारी बनाउन जिल्ला स्तरिय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि यसै आ.व. मै निर्माण गरी प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ।

३) जिल्ला भित्र सञ्चालित गैर सरकारी संघ संस्थाहरुको विवरण तयार गरी जिल्ला भित्रको सन्तुलित विकासको लागी सम्पर्क, समन्वय बढाईनेछ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

४) जिल्ला समन्वय समितिको निर्माणाधिन प्रशासकीय भवनको अपुरो बजेट व्यवस्थापनका लागी पहल गरिनेछ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

५) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान गरी अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ।

६) स्थानीय तहको क्षमता विकासका लागी संघ तथा प्रदेश सरकार सँग समन्वय गरी कार्यक्रम माग गर्न पहल गरिनेछ।

७) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानी तहसँग सहकार्य र समन्वय गरिनेछ।

८) स्थानीय तहहरु विचमा साझा सवालका विषयहमा पहिचान गर्न र समाधान गर्न सुरु गरिएको मासिक बैठकलाई निरन्तरता दिइनेछ।

९) स्थानीय तहका पदाधिकारीहरु सँग सुमधुर र सहयोगात्मक समन्वय स्थापीत गरी समन्वय कार्यलाई प्रभावकारी बनाईनेछ।

१०) जिल्ला स्थित तहगत सरकारका कार्यलयहरु सँग समन्वय गरी विकास निर्माणका कार्यहरु दोहोरो नपर्ने गरी सञ्चालन गर्ने वातावरण तयार गरिनेछ।

११) जिल्ला स्थित सरकारी तथा अन्य संघ संस्थाहरुबाट भए गरेका कार्यहरुको अर्धवार्षिक तथा वार्षिकरुपमा समीक्षा कार्यक्रम आयोजना गरी भएका कार्य प्रगती तथा समस्याका सम्बन्धमा जानकरी लिन र समस्या समाधानको उचित विकल्प खोज्ने वातावरण तयार गरिनेछ।

१२) स्थानीय तहहरु बिचमा कुनै समस्या उत्पन्न भएमा संघ तथा प्रदेश सँग परामर्श तथा समन्वय गरी समस्या समाधानमा सहजिकरण गरिनेछ।

१३) स्थानीय तहबाट निर्माण भएका कानूनहरुको अभिलेखिकरणका लागी स्थानीय तहहरुसँग समन्वय गरी अभिलेख राख्ने कार्यलाई प्राथमिकता दिइनेछ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

१४) स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन, स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्यांकन, स्थानीय आर्थिक विकास मुल्यांकन कार्यलाई तोकिएको समयमै सम्पन्न गर्नको लागी अनुगमन, समन्वय तथा सहजिकरण गरिनेछ।

१५) नदीजन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी कार्य विधि यसै आ.व. देखि निर्माण गरी जिल्ला अनुगमन समितिलाई सक्रिय र प्रभावकारी बनाईनेछ।

१६) बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न सम्पर्क अधिकृत तोकी समन्वय, सहजिकरण र अनुगमन कार्यलाई नियमित गरीनेछ।

१७) संघ र प्रदेश सरकारको प्रत्यक्ष सरोकारमा सञ्चालित आयोजनाहरु सम्बन्धित स्थनिय तहसँगको समन्वयमा प्रभावकारी सञ्चालन, अनुगमन र आवश्यक सहजिकरणका लागि समन्वय गरिनेछ ।

१८) स्थानिय तहका एकल अधिकार भित्रका आयोजनाहरु सञ्चालन र सहजिकरण गर्ने कार्यमा सामान्यतया प्रदेश तथा संघीय सरकारका प्रतिनिधिहरुको सहयोग हुने छ ।कुनै कारणवश विषय बाझिएमा सम्बद्ध पक्षहरुको उपस्थितिमा समन्वय गरी समस्याको निकास निकालिने छ ।

१९) मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना २०७७।७८ - २०८१।८२ ले जिल्लास्तरमा परिलक्षित गरेका कार्ययोजनाको कार्यान्वयन सुनिश्चितताका लागी मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाई समन्वय र सहजिकरण गरिनेछ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
प्रमुख
जि.स.स.,नवलपरासी (ब.सु.प.)

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

<u>जिल्ला समन्वय समिति नवलपरासी (ब.सु.प.)</u>

छैठौं जिल्ला सभा

मितिः २०८०।०८।२१

वक्तव्य

सभाका सदस्यज्यूहरु अब म छैठौं जिल्ला सभा नवलपरासी (ब.सु.प.) मिति २०८०।०८।२१ को कार्यसुची यस प्रकार रहेको व्यहोरा जानकारी गराउदछु ।

| क्र.सं. | कार्यसुची/ प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १ | आ.व.०८/८१ को वार्षिक नीति तथा कार्यक्रम | |
| २ | नदीजन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी कार्य विधि २०८० | |
| ३ | जिल्ला स्तरीय अनुगमन तथा समन्वय कार्यविधि २०८० | |
| ४ | आ.व.२०७९/८० को लेखापरिक्षण प्रतिवेदन प्रस्तुती | |
| ५ | आर्थिक वर्ष ८०/८१ को अनुमानित आय व्यय विवरण | |
| ६ | आ.व. ७९/८० को जि स स को कोषबाट गरिएको खर्च अनुमोदन | |
| ७ | निर्माणाधिन प्रशासनिक भवन निर्माणको अपुग बजेट सम्बन्धमा | |

सभाका सदस्यज्यूहरुः अब म आ.व. ८०/८१ को जिल्ला समन्वय समिति नवलपरासीको नीति तथा कार्यक्रक प्रस्तुत गर्दछु ।

सभाका सदस्यज्यूहरुः अब म प्रस्तुत निति तथा कार्यक्रम उपर आफ्नो विचार राख्न इच्छुक सदस्यज्यूहरुले मेरो दाहिने पट्टि रहेको सचिवालयमा नाम दर्ता गर्नहुन अनुरोध गर्दछु ।

1. श्री धनपत यादव
2. श्री उमेश चन्द्र यादव
3. ....................
4. ......................

सदस्य श्री ...धनपत यादव...................आफ्नो विचार राख्न अनुमति दिन्छु, समय ३ मिनेट निर्धारण गरेको छु। छलफलमा सहभागी हुनु भएका सम्पुर्ण सदस्यहरुलाई म धन्यवाद दिन चाहन्छु।
निति तथा कार्यक्रमको पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नु होला र कार्यविधिको विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नु होला

पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नुहोस

विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नुहोस

हुन्न भन्ने आवाज नसुनीएकोले आ.व. २०८०/८१ को निति तथा कार्यक्रम सर्व सम्मत पारित भएको घोषणा गर्दछु

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

**सभाका सदस्यज्यूहरुः** अब म नदीजंन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०। यस सभामा प्रस्तुत गर्न उप प्रमुख श्री राम दयाल तेलीज्यूलाई अनुमति दिन्छु

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

सभाका सदस्यज्यूहरुः अब म प्रस्तुत कार्यविधि उपर आफ्नो विचार राख्न इच्छुक सदस्यज्यूहरुले मेरो दाहिने पट्टि रहेको सचिवालयमा नाम दर्ता गर्नहुन अनुरोध गर्दछु ।

१. श्री रुद्र प्रकाश उपाध्याय
२. श्री सम्झना चौ०
३. ....................
४. ......................

सदस्य श्री ....................................................आफ्नो विचार राख्न अनुमति दिन्छु, समय ३ मिनेट निर्धारण गरेको छु

सभाका सदस्यज्यूहरुः कार्यविधिको सम्बन्धमा सदस्यज्यूहरुले उठान गर्नु भएका पक्षहरुलाई यस कार्यविधिमा समावेश गर्ने अठोट सहित लुम्बिनी प्रदेश जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा १८ बमोजिम प्रस्तुत कार्यविधि पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

कार्यविधिको पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नु होला र कार्यविधिको विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नु होला

पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नुहोस

विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नुहोस

हुन्न भन्ने आवाज नसुनीएकोले नदीजन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सर्व सम्मत पारित भएको घोषणा गर्दछु

सभाका सदस्यज्यूहरुः अब म जिल्ला स्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८०। यस सभामा प्रस्तुत गर्न उप प्रमुख श्री राम दयाल तेलीज्यूलाई अनुमति दिन्छु ।

सभाका सदस्यज्यूहरुः अब म प्रस्तुत कार्यविधि उपर आफ्नो विचार राख्न इच्छुक सदस्यज्यूहरुले मेरो दाहिने पट्टि रहेको सचिवालयमा नाम दर्ता गर्नहुन अनुरोध गर्दछु

1. श्री श्रावती प्र. चौ
2. ...............
3. ....................
4. ......................

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

सदस्य श्री ..................................................आफ्नो विचार राख्न अनुमति दिन्छु, समय ३ मिनेट निर्धारण गरेको छु

सभाका सदस्यज्यूहरुः कार्यविधिको सम्बन्धमा सदस्यज्यूहरुले उठान गर्नु भएका पक्षहरुलाई यस कार्यविधिमा समावेश गर्ने अठोट सहित लुम्बिनी प्रदेश जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा १८ बमोजिम प्रस्तुत कार्यविधि पारित गरियोस भन्ने प्रस्ताव पेश गर्दछु ।

कार्यविधिको पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नु होला र कार्यविधिको विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नु होला

पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नुहोस

विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नुहोस

हुन्न भन्ने आवाज नसुनीएकोले जिल्ला स्तरीय अनुगमन तथा समन्वय कार्यविधि, २०८० सर्व सम्मत पारित भएको घोषणा गर्दछु .

सभाका सदस्यज्यूहरुः अब म आ.व.२०७९/८० को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत गर्न यस सभाका सचिव तथा जिल्ला समन्वय अधिकारी श्री ज्ञानु प्रसाद पनेरु ज्यूलाई अनुमति दिन्छु,

सभाका सदस्यज्यूहरुः अब म आर्थिक वर्ष ८०/८१ को अनुमानित आय व्यय विवरण यस सभामा प्रस्तुत गर्दछु।

| क सं | आम्दानी | खर्च |
| --- | --- | --- |
| १ | आ.व. २०७९/८० बाट आल्या रु ७७,५८६।६२ | १).२२२११ इन्धन (पदाधिकारी) रु ५,००,०००।<br>२२२११ इन्धन (पदाधिकारी) रु २,००,०००। |
| २ | प्रदेशतर्फबाट योजना अनुगमन तथा प्रशासनिक खर्च सम्बन्धि प्राप्त अनुमानित अनुदान रु २५,००,०००। | २) २२२१३ सवारी साधन मर्मत रु ५,००,०००।<br>३) २२२११ मसलन्द तथा कार्यालय सामाग्री रु ५,००,०००। |
| २ | स्थानीय तहहरुबाट नदीजन्य पदार्थ उत्खनन,निकासीबाट प्राप्त दहत्तर बहत्तर शुल्क रु २५,००,०००। | ४) २२६११ अनुगमन,मुल्यांकन रु ५,००,०००।<br>५) २२६१२ भ्रमण खर्च रु ५,००,०००।<br>६) २२७११ विविध खर्च रु १,००,०००। |
| | | ७) ३११२३ फर्निचर तथा फिक्चर्स रु१५,००,०००। |
| | | ८) ३११२२ मेशिनरी तथा औजार रु ७,००,०००। |
| | | ९) बाँकी रु ७७,५८६।६२ |
| | जम्मा आम्दानी रु ५०,७७,५८६।६२ | जम्मा खर्च रु ५०,७७,५८६।६२ |

जिल्ला समन्वय अधिकारी

सभाका सदस्यज्यूहरुः अब म प्रस्तुत अनुमानित बजेट तथा कार्यक्रम स्विकृतिका लागि यस सभामा पेश गर्दछु ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

बजेट तथा कार्यक्रमको पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नु होला र विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नु होला

पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नुहोस

विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नुहोस

हुन्न भन्ने आवाज नसुनीएकोले आ.व. ०८०/८१ को अनुमानित बजेट त्रथा कार्यक्रम सर्व सम्मत पारित भएको घोषणा गर्दछु ।

**सभाका सदस्यज्यूहरुः** अब म आ.व. ७९/८० को जि स स को कोषबाट गरिएको खर्च यस सभामा प्रस्तुत गर्न सभामा सचिव श्री ज्ञानु प्रसाद पनेरु ज्यूलाई अनुमति दिन्छु

**आ.व. ७९/८० को जि स स को कोषबाट गरिएको खर्च**

क) वकिलको पारिश्रमिक - रु १,३२,५००।-( गौ०५-०६-२०७९ / ०२ .भौ नं.)

ख) सब- मिकईन्जिनियरको पारिश्र- रु १,५६,२८५। -(गौ०५-.भौ नं.,०८,१४,१७-०६-२०७९/ १२,२०७९२३-०७-,२०७९२१-०८-,२०७९२९-०९-)

ग) घर भाडा - रु ४,६७,०००। -(गौ१९-.भौ नं.,२६,२९ ०-२०७९/७२९-,२०८०२४-०१-,२०८०-०३-२१)

घ) कार्यालय स्थानान्तरण तथा व्यवस्थापन - रु १२,७०,४५९।७५ (गौ१०-.भौ नं.,१२,१७ २३-०७-२०७९/,२०७९२४-०७-,२०७९२९-०९-)

ङ) जि- महासंघ सँग सम्बन्धी .स.स. रु ४५,०००। -(गौ१६-.भौ नं.,२९ २१-०९-२०७९/,२०८०-२१-०३)

च) मेकानिकल ईन्जिनियरको भ्रमण खर्च -रु २७,०००। -(गौ२९-०९-२०७९/ १७-.भौ नं.,)

छ) नयाँ प्रशासनिक भवनको DPR खर्च - रु ४,९५,५१५।-(गौ०३-१०-२०७९/ २२-.भौ नं.)

ज) गाडी मर्मत खर्च - रु १,७१,४००।-(गौ२६-.भौ नं.,२९ २४-०१-२०८०/,२०८०२१-०३-)

झ) पत्रपत्रिका खरिद१- सूचना प्रकाशन तथा आर्ट सम्बन्धी खर्च /,७८,४०४।-(गौ-.भौ नं. १७,२९ २९-०९-२०७९/,२०८०२१-०३-)

ञ) इन्धन (पदाधिकारी) – रु १,७६,०३८।८०।- (गौ२१-०३-२०८०/ २९-.भौ नं.)

ट) फर्निचर मर्मत - रु १३,०००।- (गौ२१-०३-२०८०/ २९-.भौ नं.)

ठ) कम्प्युटर - ए सी तथा अन्य विधुतिय उपकरण मर्मत /ल्यापटप / रु ५५,९३०।- (गौभौ . २१-०३-२०८०/ २९-.नं)

ड) मसलन्द तथा कार्यालय सामाग्री खरिद - रु १६,२००।- (गौ२१-०३-२०८०/ २९-.भौ नं.)

ढ) विविध खर्च३७रु -,७८९। -(गौ१७-.नं भौ.,२९ २९-०९-२०७९/,२०८०२१-०३-)

ण) कुल जम्मा खर्च - ३२,४२,५२१।५५ (अक्षररुपी बत्तिस लाख ब्यालिस हजार पाच सय एकाईस पैसा पच्चपन्न मात्र ।)

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिका...

सभाका सदस्यज्यूहरुः अब म प्रस्तुत खर्च अनुमोदनका लागि प्रस्ताव पेश गर्दछु

आ.व. ७९/८० को जि स स को कोषबाट गरिएको खर्चको पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नु होला र विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नु होला

पक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्छ भन्नुहोस

विपक्षमा हुने सदस्यहरुले हात उठाइ हुन्न भन्नुहोस

हुन्न भन्ने आवाज नसुनीएकोले आ.व. ७९/८० को जि स स को कोषबाट गरिएको खर्च सर्व सम्मत अनुमोदन भएको घोषणा गर्दछु ।

**सभाका सदस्यज्यूहरुः** अब म जिल्ला समन्वय समिति, नवलपरासी (ब.सु.प.) को निर्माणाधिन प्रशासनिक भवनको अपुग बजेटको सम्बन्धमा प्रस्ताव पेश गर्दछु ।

करिब रु २००००००० ।(अक्षररुपी रु दुइ करोड) बजेट कमि रहेको रकम लुम्बिनी प्रदेश सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा माग गर्ने र सो बाट पनि पुर्ति हुन नसकेमा जिल्ला स्थित सम्पुर्ण स्थानिय तहले सहयोग गर्ने प्रस्ताव पेश गर्दछु

सर्व सम्मत प्रस्ताव पारित गरिदिनु भएकोमा सम्पुर्ण सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभाका सदस्यज्यूहरुः आ व ०८०/८१ को छैठौ जिल्ला सभाको यो बैठक यहि अन्त्य भएको घोषणा गर्दछु

भगौती यादव
जिल्ला समन्वय समिति प्रमुख
जिल्ला समन्वय समिति, नवलपरासी (ब.सु.प.)

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

धन्यवाद